**२०७६ साउन २६ गते माननीय महान्यायाधिवक्ताज्यूबाट सार्वजनिक गरिएको आ.व. २०७६।७७ मा महान्यायाधिवक्ताको कार्यालयले गर्ने कार्यक्रमहरुको विवरण**

**१) सेवा शर्त सम्बन्धी कानून:**

नेपालको संविधानको धारा १६१ बमोजिम सरकारी वकीलको पारिश्रमिक एवम् सेवा, शर्त सम्बन्धी कानून यसै वर्ष भित्र जारी गर्न सहजीकरण गरिनेछ । यसवाट सरकारी वकीलको व्यावसायिकता विकास र संस्थागत क्षमता सुधारमा सहयोग पुग्नेछ ।

**२) संगठन तथा व्यवस्थापन (ओ एण्ड एम) सर्वेक्षण:**

मुलुकी अपराध संहिता समेतका नयाँ संहिताहरुको कार्यान्वयन सँगै सरकारी वकीललाई थप जिम्मेवारी आएको छ । यसरी कार्य जिम्मेवारीमा आएको बढोत्तरीलाई परिपूर्ति गर्दै कार्य सम्पादनलाई प्रभावकारी एवं गुणस्तरिय बनाउन विद्यमान जनशक्तिबाट सम्भव हुने अवस्था नभएकोले यस कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरुको दरवन्दी संरचनामा परिवर्तन गर्नु पर्ने अवस्था छ । यसका लागि गठन गरिएको व्यवस्थापन तथा सर्वेक्षण समितिले विभिन्न तहका १२७ सरकारी वकील सहित २५२ जना जनशक्ति थप गर्ने प्रक्षेपण सहित प्रतिवेदन तयार पारेको छ । आगामी ३ वर्ष भित्रमा चरणबद्ध रुपमा लागू गर्ने गरी दरवन्दी स्वीकृत गर्ने प्रक्रिया अगाडि बढाइनेछ ।

**३) नमुना सरकारी वकील कार्यालयहरुको विकास :**

सरकारी वकीलको काम कारवाहीलाई गुणस्तरीय र सेवाग्राही केन्द्रित बनाउदै लैजाने क्रममा गत वर्ष प्रत्येक प्रदेशमा एउटा जिल्ला सरकारी वकील कार्यालयलाई नमुनाको रुपमा विकास गर्ने लक्ष्य बमोजिम सुनसरी, धनुषा, ललितपुर, कास्की, रुपन्देही, सुर्खेत र कञ्चनपुर कार्यालयलाई नमुना कार्यालयको रुपमा कार्यादेश सहित जिम्मेवारी दिइएको थियो । यस वर्ष सो कार्यक्रमलाई विस्तार गरी देहायका कार्यालयहरुलाई नमुना सरकारी वकील कार्यालयको रुपमा विकास गरिनेछ ।

प्रदेश नं १: झापा

प्रदेश नं २: बारा

प्रदेश नं ३: धादिङ

गण्डकी प्रदेश: तँनहु

प्रदेश नं ५: बाँके

कर्णाली प्रदेश: जुम्ला

सुदुरपश्चिम प्रदेश: दार्चुला

**४) सरकारी वकीलहरुको विशिष्टीकरण:**

सरकारी वकीलहरुको व्यावसायिकता विकासका लागि आगामी एक वर्षभित्र देहायका पाँचवटा विषयमा ६ वटा विशिष्टीकरण सम्बन्धी प्रशिक्षण प्रदान गरिनेछ । जसवाट कम्तिमा १५० जना सरकारी वकीलले सम्बन्धित विषयको १५ दिवसीय प्रशिक्षणमा सहभागिता जनाउने छन् ।

(क) लैंगिक तथा बाल न्यायमा २ वटा (ख) राजश्व र कर कानूनमा १ वटा

(ग) संगठित अपराध निवारण कानूनमा १ वटा (घ) साइवर अपराध निवारण कानुनमा १ वटा

(ङ) सार्वजनिक र सरकारी सम्पति संरक्षण कानुनमा १ वटा

विशिष्टीकरणको प्रशिक्षण प्राप्त गरेका सरकारी वकीलहरुका लागि बार्षिक रुपमा पुनर्ताजकी प्रशिक्षण सञ्चालन गरिनेछ । विशिष्टीकरणका विषयका स्रोत सामग्री क्रमशः तयार गरिने छ ।

**५) अभियोजनकर्ता सरकारी वकील र अनुसन्धानकर्ता प्रहरीको दोश्रो राष्ट्रिय सम्मेलन:**

अभियोजनकर्ता सरकारी वकील र अनुसन्धानकर्ता प्रहरी अधिकृतहरु एउटै ठाउमा बसी लगातार अनुसन्धान र अभियोजनका समस्या, समन्वय र सुधारका क्षेत्र लगायतका विविध पक्षमा छलफल एवं चिन्तन गरी बैज्ञानिक र वस्तुनिष्ठ अनुसन्धान र प्रभावकारी अभियोजनको सुनिश्चितताको प्रतिज्ञा गर्ने महत्वपूर्ण साधनको रुपमा अनुसन्धानकर्ता र अभियोजनकर्ताको संयुक्त सम्मेलन भएको पहिलो सम्मेलनवाट अनुभूति गरिएको छ । यसैलाई निरन्तरता दिदै सरकारी वकील र प्रहरीको दोश्रो राष्ट्रिय सम्मेलन यसै वर्षको मंसिर भित्रमा सम्पन्न गरिनेछ । सो सम्मेलनले मुलुकी संहिताको कार्यान्वयनको समीक्षा गर्न र अपराध अनुसन्धान र अभियोजनलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने अपेक्षा छ ।

**६) सरकारी वकील कार्यालयको अनुगमन तथा अभियोजन परीक्षण :**

गत वर्ष देखि प्रारम्भ गरिएको अभियोजन परीक्षणले दिएको सकरात्मक पृष्ठपोषणलाई दृष्टिगत गरी आगामी वर्ष कम्तीमा ५० वटा सरकारी वकील कार्यालयहरुको निरीक्षण, अनुगमन तथा अभियोजनको अवस्थाको परीक्षण गरिनेछ । सो क्रममा अभियोजन अनुगमनको क्रममा देखिएका समस्याहरु समाधान गर्न मार्गदर्शन गरिनेछ । बद्नियतपूर्वक अभियोजन गरिएको पाइएमा प्रचलित कानून बमोजिमको कारवाही चलाइनेछ ।

**७) हिरासत र कारागार अनुगमन एवं सुधारका लागि सहजीकरण:**

हिरासत तथा कारागारको अनुगमन गरी मानवोचित व्यवहारका लागि सहजीकरण गर्ने जिम्मेवारी बमोजिम यस वर्ष कम्तिमा ५० जिल्लाका अपराधको अनुसन्धान गर्ने विभिन्न निकायहरुमा रहेका हिरासत कक्ष तथा कारागारहरुको अनुगमन गरी थुनुवा र कैदीहरु उपर मानवोचित व्यवहार गर्ने गराउने कार्यमा आवश्यक सुझाव प्रस्तुत गरिनेछ । साथै विगतमा दिइएका सुझावहरुको कार्यान्वयनको अवस्थाका बारेमा सरोकारवाला निकायहरुसँग समन्वय गरी प्रगतिको समीक्षा गरिनेछ ।

**८) प्रहरीसँगको समन्वयमा समुदायमा सरकारी वकील कार्यक्रम:**

यस कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरुले सरकार वादी मुद्दाको कारवाही प्रक्रिया एवम् विद्यमान कानूनी व्यवस्थाको प्रचार प्रसार गर्नुका साथै कानून कार्यान्वयन र अपराधको रोकथाममा समुदायको भूमिकाका बारेमा जानकारी दिनका लागि समुदायमा सरकारी वकील कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गर्दै आएकोमा सो कार्यक्रममा प्रहरी समेत संलग्न गर्दा प्रभावकारी हुने अनुभूत गरीएको हुँदा यस वर्षवाट संयुक्त रुपमा समुदायमा सरकारी वकील कार्यक्रम संचालन गरिनेछ । यस वर्ष हरेक स्थानीय तहमा कम्तिमा १ वटा उक्त कार्यक्रम सञ्चालन हुने प्रवन्ध गरिनेछ ।

**९) नेपाल सरकारका सचिव, विभागीय प्रमुख तथा कानुन अधिकृतसँग छलफल कार्यक्रम:**

सबै मन्त्रालय, संवैधानिक निकाय र केन्द्रीय तहका निकायहरुलाई ती निकायहरुको तर्फवाट अदालतमा प्रतिनिधित्व तथा प्रतिरक्षा गर्नु पर्ने विषयमा आवश्यक सूचना तथा जानकारी संकलन गर्ने लगायतका विषयमा छलफल र प्रभावकारी समन्वय गर्नका लागि नेपाल सरकारका सचिव एवं विभागीय प्रमुखसँग वर्षमा २ वटा र कानुन अधिकृतहरुसँग वर्षमा ३ वटा छलफल कार्यक्रम संचालन गरिनेछ । यसवाट सरकारी वकीललाई आवश्यक पर्ने सूचना एवम् कागजात उपलव्ध गराउन सहज हुने र लिखित जवाफ तयारीमा सुधार आउने अपेक्षा राखिएको छ ।

**१०) विधि विज्ञान प्रयोगशालाको विस्तार:**

प्रमाणको बैज्ञानिक परीक्षणलाई प्राथमिकतामा राख्ने नेपाल सरकारको पन्ध्रौ योजनाले राखेको कार्यक्रमलाई कार्यान्वयन गर्न यस वर्ष विधि विज्ञान प्रयोगशालाको स्तरोन्नति र प्रादेशिक तहमा स्वायत्तता सहितको विधि

विज्ञान प्रयोगशालाको स्थापना गर्नका लागि सहजीकरण गरिनेछ । यस वर्ष कम्तिमा दुईवटा प्रादेशिक प्रयोगशाला स्थापना हुने अपेक्षा छ ।

**११) हेलो साक्षी र निरन्तर सुनुवाईको निरन्तरताः**

सरकार वादी मुद्दाका पीडित एवम् साक्षीहरुलाई न्यायिक प्रक्रियामा संलग्न गराई न्याय सम्पादन कार्यमा सहयोग पुर्‍याउनका लागि हेलो साक्षी कार्यक्रम सञ्चालन गरिएको छ । यसले साक्षीहरुलाई अदालतमा उपस्थित हुनका लागि उत्प्रेरित गरी मुद्दाको प्रमाण परीक्षणमा मद्दत गरेको छ । निरन्तर सुनुवाईले मुद्दाको सफलतामा बृद्धि भएको र पीडितले दुःख नविर्सदै  न्यायको अनुभूति गर्ने अवस्था छ । यि दुवै कार्यक्रमलाई यस वर्षमा निरन्तरता प्रदान गर्दै थप प्रभावकारी बनाइने छ । सरकारी वकीललाई यथार्थमा पीडितको वकिलको रुपमा स्थापित गरिनेछ ।

**१२) भवन निर्माण सम्वन्धमाः**

यस वर्ष महान्यायाधिवक्ताको कार्यालय सहित १९ वटा मातहतका कार्यालयहरुको निर्माण सम्पन्न गरिनेछ । महान्यायाधिवक्ताको कार्यालय वि.स. २०७७ असार मसान्तमा आफ्नै नयाँ भवनमा सर्ने योजनामा रहेको छ । काठमाडौं जिल्ला सरकारी वकील कार्यालय र विशेष सरकारी वकील कार्यालय काठमाडौं माइतिघरको चोकमा दुई वर्ष भित्र सम्पन्न हुने गरी भवन निर्माण कार्य प्रारम्भ गरिनेछ ।

**१३)इन्टरनेशनल एशोसिएशन अफ प्रोसिक्युटरमा क्रियाशीलता :**

यसै वर्ष इन्टरनेशनल एशोसिएशन अफ प्रोसिक्युटरको सदस्यता प्राप्ति भएको सन्दर्भमा त्यसको क्रियाकलापहरुमा सहभागिता जनाई सरकारी वकीलको क्षमता विकासका लागि त्यस सँस्थाको सहयोग लिइने छ । अन्तराष्ट्रिय स्तरमा सम्बन्ध विकास गर्न यो मञ्च उपयोगी हुने अपेक्षा छ ।

**१४) बाल सुधार गृहको विस्तार :**

बालबालिकाको हक मौलिक हकको रुपमा रहेको र सो हक कार्यान्वयनका लागि बालबालिका सम्बन्धी ऐन, २०७५, जारी भएको सन्दर्भमा बाल न्यायको अवधारणा अनुकुल वातावरण निर्माण गर्न प्रत्येक प्रदेशमा बाल सुधार गृहको स्थापना गर्न र भएका बाल सुधार गृहको क्षमता विस्तार गर्ने कार्यमा आवश्यक सहजीकरण गरिनेछ ।

**१५) हेल्प डेस्कको स्थापना :**

सेवाग्राही एवं सरोकारवालाहरुलाई मुद्दा मामिलाका विषयमा आवश्यक सहजिकरण गर्न र कार्यालयको काम, कारवाहीको विषयमा आवश्यक जानकारी दिन महान्यायाधिवक्ताको कार्यालयमा हेल्पडेस्कको स्थापना गरिनेछ

**१६) प्यारोल र प्रोवेसन बोर्डको क्रियाशिलता :**

फौजदारी कसूर(सजाय निर्धारण तथा कार्यान्वयन) ऐनले व्यवस्था गरे बमोजिमको प्यारोल र प्रोवेसन वोर्डलाई क्रियाशिल बनाउने कार्य प्रारम्भ गरिनेछ ।

**१७) पीडित तथा साक्षी संरक्षण :**

पीडित तथा साक्षी संरक्षण निर्देशिकाको पुनरावलोकन गरिनेछ । पीडित संरक्षण सुझाव समितिको सचिवालयको उचित व्यवस्थापन गरी सो समितिलाई क्रियाशिल गरिने छ ।

**१८) अभियोजनमा सुधार र एकरुपता :**

अभियोजन पद्धतिमा सुधारका लागि अभियोगपत्र लेखन सम्बन्धी प्रशिक्षण, नमुना अभियोगपत्रको व्यवस्था र उत्कृष्ट अभियोग पत्रको प्रकाशन जस्ता क्रियाकलाप सञ्चालन गरिनेछ ।

**१९) समन्वय समितिको क्रियाशीलता :**

सरकार वादी मुद्दाको अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउनका लागि सबै तहका समन्वय समितिलाई क्रियाशील तुल्याइने छ । विगतमा भएका समन्वय समितिका निर्णयहरुलाई एकीकृत गरी सोको कार्यान्वयनको अवस्थाको समीक्षा गरी सुधारका थप क्षेत्रहरु पहिल्याइने छ ।

**२०) विशिष्ट अभ्यासको अवलोकन :**

मुलुकी अपराध संहिता समेतका कानूनहरुले अवलम्बन गरेका नयाँ अवधारणाको कार्यान्वयनको अवस्थाका बारेमा सरकारी वकीलहरुलाई अन्य मुलुकले गरेका सफल अभ्यास समेतका विषयमा अध्ययन अवलोकन एवम् विशिष्ट प्रशिक्षणको प्रवन्ध गरी अवसरको विस्तार गरिने छ ।

**२१) प्रशिक्षण प्रदायक निकायहरुसँग समन्वय :**

सरकारी वकील तथा कर्मचारीको क्षमता विकासका लागि राष्ट्रिय न्यायिक प्रतिष्ठान, न्याय सेवा तालिम केन्द्र, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान समेतसँग समन्वय गरी आवश्यकताको प्राथमिकतामा केन्द्रित भई थप प्रशिक्षण कार्यक्रम सञ्चालन गरिने छ ।

**२२) अभियोजन संग्रहालयको प्रवन्ध :**

महान्यायाधिवक्ताको कार्यालय नयाँ भवनमा सरेपछि सरकारी वकीलको इतिहास एवम् अपराध अनुसन्धान तथा अभियोजनको इतिहास देखिने गरी अभियोजन संग्रहालय कक्षको व्यवस्था गरिने छ ।

**२३) दण्ड र पुरस्कार :**

राम्रो काम गर्ने सरकारी वकील तथा कर्मचारीहरुलाई पुरस्कृत गर्ने एवम् विशेष जिम्मेवारी प्रदान गर्ने तथा खराव कार्य गर्ने सरकारी वकील तथा कर्मचारीहरुलाई दण्डित गर्ने अभ्यासलाई थप प्रभावकारी बनाइने छ । भ्रष्ट्राचार र अनियमित कार्य उपर शुन्य सहनशिलताको नीति अँगिकार गरिने छ । सरकारी वकीलको कार्यालयललाई अनुशासित संस्थाको रुपमा विकास गर्ने प्रयास गरिने छ ।

**२४) इ एटर्नी कार्यक्रमको निरन्तरता र डाटा सेन्टरको स्थापना :**

महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयका काम कारवाहीलाई सूचना प्रविधिमा आवद्ध गरी कार्य सम्पादनमा प्रभावकारीता ल्याउन विगत वर्षहरुमा सञ्चालनमा ल्याइएको इ एटर्नी कार्यक्रम लाई निरन्तरता दिइनेछ । सिसिटिभि र इन्ट्रानेट जडान भएका ५० वटा कार्यालयहरुको महान्यायाधिवक्ताको कार्यालयवाटै नियमित अनुगमन गर्ने व्यवस्था मिलाइनेछ । नयाँ भवनमा सरे पछि डाटा सेन्टर स्थापना गर्नको लागि अध्ययन गरि कार्य अधि वढाइनेछ ।

**२५) कार्यसम्पादन सम्झौता :**

सरकारी वकील कार्यालयको काम कारवाहीलाई प्रभावकारी र नतिजामुखी बनाउन विभागिय प्रमुख र कार्यालय प्रमुखहरुसँग कार्य सम्पादन सम्झौता गरी निरन्तर अनुगमनको माध्यमवाट कार्य सम्पादनमा सुधार ल्याइनेछ । यसवाट सेवाग्राही र पीडितको सरकारी वकील कार्यालय प्रतिको विश्वास अभिवृद्धिमा सहयोग पुग्नेछ ।

**२६) प्रशिक्षण कार्याक्रम सञ्चालन :**

आगामी वर्ष विशिष्टीकरणको सम्बन्धी प्रशिक्षणका अतिरिक्त देहाय बमोजिमका प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

क) बहसकला र बहस सीप १ वटा

ख) विधि विज्ञान सम्बन्धी २ वटा

ग) भाषिक सीप विकास २ वटा

घ) अभियोग पत्र लेखन तथा दो.पा. एवम् पुनरावेदनको मस्यौदा तयारी सम्बन्धी प्रशिक्षण २ वटा

ङ) मध्यस्थता सम्वन्धी १ वटा

च) कार्यालय सञ्चालन र पीडित मैत्री व्यवहार १ वटा

**२७) सरकारी वकीलको छलफल श्रृंखला :**

व्यावसायिक र पेशागत विकासका लागि सरकारी वकीलहरूलाई निरन्तर सिकाइ मार्फत क्षमता विकास गर्दै लैजानुपर्ने देखिन्छ । सोही अपरिहार्यतालाई महसुस गरी महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाले महान्यायाधिवक्ताको कार्यालयलाई लर्निङ्ग संगठनको रूपमा विकास गर्न मासिक रूपमा सान्दर्भिक र सामयिक विषयमा प्रवचन एवम् छलफल कार्यक्रम सञ्चालन गर्ने नीति बमोजिम गत वर्षवाट शुरु गरिएको सरकारी वकीलको छलफल श्रृंखलालाई यस वर्ष पनि निरन्तरता दिइने छ ।

**२८) इन्टर्नको व्यवस्था:**

सरकारी वकीलको कार्य सम्पादनमा सहयोग पुर्‍याउन, सरकारी वकीलको सेवा प्रति दक्ष जनशक्ति आकर्षण गर्न यसै वर्ष देखि इन्टर्नको सेवा लिने गरी कार्यक्रम सञ्चालन गरिने छ । कम्तिमा यो वर्ष ५० जना इन्टर्नहरुलाई सरकारी वकील कार्यालयमा परिचालन गरिने छ ।

**२९) पुस्तकालयको व्यवस्थापन:**

महान्यायाधिवक्ताको कार्यालयको पुस्तकालयलाई व्यवस्थित गर्न पुस्तकालयमा रहेका पुस्तक तथा पाठ्यसामग्रीको वर्गीकरण तथा सूचीकरणको कार्य प्रारम्भ गरिनेछ । पुस्तकालयलाई स्वचालित एवं विद्युतीय पुस्तकालयको रुपमा विकास गर्ने कार्य प्रारम्भ गरिनेछ ।